बेलौरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या:- ०७/२०८२।०८३

मिति २०८२।०९।०६ गते दिउँसो ९:३० बजे यस बेलौरी नगर कार्यपालिकाका नगर प्रमुख श्री पोतीलाल चौधरी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| | श्री पोतीलाल चौधरी | नगर प्रमुख |
| | श्री जोगराम चौधरी | नगर उप-प्रमुख |
| | श्री धन बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. १ |
| | श्री कलबिर चौधरी | वडा अध्यक्ष वडा नं. २ |
| | श्री पदमा कार्की | का.बा. वडा अध्यक्ष वडा नं. ३ |
| | श्री अर्जुन ढकाल | वडा अध्यक्ष वडा नं. ४ |
| | श्री लाल बहादुर चौधरी | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री भोज राज चौधरी | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री विष राम राना | वडा अध्यक्ष वडा नं. ८ |
| | श्री किसन सिंह राना | वडा अध्यक्ष वडा नं. ९ |
| | श्री सोमलाल चौधरी | वडा अध्यक्ष वडा नं. १० |
| | श्री हर्क बहादुर भुल | नगर कार्यपालिका सदस्य (प्रवक्ता) |
| | श्री आरती कुमारी चौधरी | नगर कार्यपालिका सदस्य |
| | श्री विन्द्रावति राना | नगर कार्यपालिका सदस्य |
| | श्री शारदा पार्की | नगर कार्यपालिका सदस्य |
| | श्री बसन्ती नेपाली | नगर कार्यपालिका सदस्य |
| | श्री कृष्ण भान बरई | नगर कार्यपालिका सदस्य |
| | श्री नेहा सुनार | नगर कार्यपालिका सदस्य |
| | श्री राम दुलारी गिरी | नगर कार्यपालिका सदस्य |
| | श्री झपी राज ओझा (सचिव) | नि. प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री जगदीश जोशी | इन्जिनियर |
| श्री मनोज जोशी | सूचना प्रविधि अधिकृत |
| श्री किशोर महरा | अधिकृत (कम्प्युटर) |

बेलौरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्याः- ०७/२०८२।०८३

मितिः- २०८२।०९।०६ गते ।

बेलौरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेलौरी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्तावहरु**

१) सोह्रौं नगर सभाको तयारी सम्बन्धमा ।

२) बेलौरी नगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा ।

३) निर्माणाधिन १५ सैया अस्पतालको म्याद थप सम्बन्धमा ।

४) वडा नं १ निर्माणाधिन शिव मन्दिरको म्याद थप सम्बन्धमा ।

५) वडा नं. २ को परिसरमा रहेका नगरस्तरिय बजेटबाट खरिद भएका ह्युम पाईप वितरण सम्बन्धमा

६) कृषि विकास शाखाको कार्यक्रम संशोधन सम्बन्धमा ।

७) कृषि विकास शाखाको मेसिनरी औजारको ठेक्का खोल्ने सम्बन्धमा ।

८) नवप्रवर्तनकारी परियोजना कार्यक्रमको बजेट साझेदारी सम्बन्धमा ।

९) N-Wash Plan को बजेट माग र साझेदारी सम्बन्धमा ।

१०) वडा नं. ४ र ६ को बहु वर्षिय ठेक्का सम्बन्धमा ।

११) वडा न ७ मा एम्बुलेन्स खरिद सम्बन्धमा ।

१२) आर्थिक सहयोग सम्बन्धमा ।

१३) LEOC भवनको भुक्तानी सम्बन्धमा ।

१४) वडा न ९ सिद्धनाथ मन्दिरको निर्माण सम्बन्धमा ।

१५) CCTV Camera जडान गर्ने सम्बन्धमा ।

१६) पशुपति शिक्षा मन्दिर निर्माण सम्बन्धमा ।

१७) यौनिक तथा अल्पसंख्यक कार्यक्रमका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

१८) वडा नं. ९ को प्रहरी विट निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

१९) कुण्डा पिकनिक स्पोर्टमा WiFi जडान सम्बन्धमा ।

२०) सडक मर्मत सम्बन्धमा ।

२१) अध्ययन अवलोकन सम्बन्धमा ।

२२) बेलौरी न.पा. ४ मा रहेको अधुरो मिनी कवर्ड हल निर्माण सम्बन्धमा ।

## बेलौरी नगरकार्यपालिकाको मिति २०८२।०९।०६ गते बसेको बैठकका निर्णयहरु

निर्णय नं. १) प्रस्ताव नं. १ माथि छलफल गर्दा मति २०८२।०९।०९ गते हुने बेलौरी नगरपालिकाको सोह्रौं नगर सभा समयमै, व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. २) प्रस्ताव नं. २ माथि छलफल गर्दा बेलौरी नगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा बेलौरी नगरपालिका कार्यालय र C.M-Prasansa-Rashmi-JV विच सम्झौता भई सञ्चालनमा रहेको १५ सैय्याको अस्पतालको (Construction of 15-Bed Hospital Belauri Kanchanpur) (ठेक्का नं. BELMUN/NCB/W/077/-78-21) मिति २०८२।०६।१५ मा निर्माण अवधि समाप्त भएको देखिन्छ ।

मिति २०८२ भदौ २३ र २४ गते GenZ आन्दोलन (Force Majeure) ले गर्दा देशमा काबुबाहिरको परिस्थिति सिर्जना भई तत्कालिन सरकार अपदस्थ पश्चात चुनावी सरकार गठनको मिति २०८२ फागुन २१ गते चुनाव घोषणा भई अर्थ मन्त्रालयबाट विभिन्न आयोजनाहरुको बजेट कटौति सम्बन्धित निर्देशन आएको हुदाँ खरिद सम्झौता अन्त्य गरि, कार्यसम्पादन जमानत जफत गरि बाकीं रहेको निर्माण कार्य गर्न लाग्ने लागत सहित सरकारी सरह असुल उपर मानि कालोसूचिको कारवाही अगाढी बढाउदा योजना मुद्धा मामिलामा जाने र योजना अलपत्र पर्ने प्रर्वल सम्भावना यस कार्यापालिका बैठकले विगतका घटनाक्रम केलाउदा महसुश गरेको देखिन्छ । खरिद सम्झौताको अन्त्य गरि पुन:बोलपत्र आव्हान गर्दा ३७ प्रतिशत घटि गएको योजना यस कार्यालयलाई थप आर्थिक दायित्व र कार्यालयको थप समय लगानि हुने कारणले गर्दा यस कार्यपालिका बैठकबाट सो निर्माधिन अस्पतालको दिर्घकालिन समाधान योजनाको सुखान्त अन्त्यका लागि र नगरबासीहरुलाई यथाशिर्घ स्वास्थ्य सुविधा प्रदानका लागि र देशको प्रतिकुल अवस्थालाई मध्यनगर गर्दै आजको मिति बाट लागु हुने गरि सार्वजनिक खरिद नियमावली २०६४, १२० को (ग) बमोजिम एक वर्ष म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बेलौरी नगरपालिका सँग सम्झौता भई सञ्चालनमा रहेका तपसिल बमोजिमका ठेक्काको म्याद सकिसकेकोले देहायको मिति सम्म अन्तिम पटकका लागि म्याद थप गर्ने साथै तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न नगरेमा सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पोतीलाल चौधरी
नगर प्रमुख

## तपसिल

| क्र. स | योजना को नाम | ठेक्का न. | सुरूको सम्झौता मिति | सुरूको सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पछिको सम्पन्न गर्नुपर्ने मिति | म्याद थप गर्नुपर्ने अवधि | कै |
|---|---|---|---|---|---|---|---|
| १ | ***Construction Shiva Temple Ward No.1 Fatiya*** | ***BELMUN/NCB/T/081/082-07*** | ***Shrawan -07 2082*** | ***Ashoj-01 - 2082*** | | २०८२ फागुन मसान्त सम्म | |
| २ | ***Construction Three Storey Agr-Depart building belauri Municipality*** | ***BELMUN/NCB/W/080/081-06*** | ***Poush -25 - 2082*** | ***Ashad-25-2082*** | २०८२/०९/३० | २०८२ फागुन मसान्त सम्म | |

<u>निर्णय नं. ५)</u> प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस विषयमा छलफछको छिनोफानो नभएकोले अर्को कार्यापालिकामा राख्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६)</u> प्रस्ताव नं. ६ माथि छलफल गर्दा कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार **५० % अनुदानमा उन्नत आलुको बिउ वितरण कार्यक्रममा** रु २० लाख विनियोजित रकम मध्ये कार्यक्रम संचालन गर्दा रु. ६,७८,३७५। मात्र खर्च भएकोले उक्त कार्यक्रमबाट बाँकी रहेको रकम रु. १३,१२,६२५। मध्ये रु. १०,००,०००। (दश लाख) **५० % अनुदानमा मागमा आधारित कृषि औजार वितरण कार्यक्रममा** र रु. ३,१२,६२५। मात्र **कृषि हाट बजार संचालन शिर्षिकमा** खर्च गर्ने गरी कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७)</u> प्रस्ताव नं. ७ माथि छलफल गर्दा कृषि विकास शाखाको वार्षिक स्वीकृत **५० % अनुदानमा मागमा आधारित कृषि औजार वितरण कार्यक्रम** संचालन का लागि शाखाबाट माग संकलन गर्दा १,७४२ कृषि औजार माग भई आएकोले उक्त कार्यक्रमको बजेट सिमा भित्र रही तपसिल बमोजिमको परिमाणमा सामग्रीहरु वितरण गर्ने गरी बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

## तपसिल

| क्र.स. | सामाग्रीको नाम | क्षमता | परिमाण |
|---|---|---|---|
| १ | मोटर | २ HP | ९२ |
| २ | इन्जीन | ८ HP | १७ |
| ३ | मिनि टिलर | ७ र ९ HP | १० |
| ४ | रोटाभेटर | ६ र ७ फिट | ५ |
| ५ | रेजर | ६ र ७ फिट | ९ |
| ६ | कल्टीभेटर | ६ र ७ फिट | १० |
| ७ | ट्रेन्चर | ६ र ७ फिट | ५ |
| ८ | पावर टिलर | २२ HP | १० |
| ९ | सुगर क्यान मल्चर | | २ |
| १० | राजा हलो | | २ |
| ११ | पावर टिलर रिपर | | २ |
| १२ | पावर स्प्रेयर | १००० लि. | ३ |

| | | | |
|---|---|---|---|
| १३ | कम्बाईन राइस मिल | | ५ |
| १४ | पावर टिलर ४ चक्के | | २ |
| १५ | पावर टिलर क्याज ह्विल | | १ |
| १६ | लेन्ड लेजर ल्याबलर | | १ |
| | जम्मा | | १७६ |

**निर्णय नं. ८)** प्रस्ताव नं. ८ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, धनगढी, कैलालीको प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम प्रदेश सहयोग इकाईको मिति २०८२ मंसिर २९ गते नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनको लागि अवधारणा पेश गर्न सूचना प्रकाशित भएकोमा उक्त कार्यक्रम यस नगरपालिकामा सञ्चालन गर्न सूचना उल्लेख भएको समयाअवधिभित्र अवधारणा पत्र पेश गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम यस नगरपालिकामा सञ्चालन गर्न लाग्ने कुल लागतको ३० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने र नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ मा भए बमोजिमको क्षेत्रमा मात्र खर्च गर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९)** प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. ०८२।०८३ मा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WaSH Plan) N-WaSH MIS System का लागि सुदूरपश्चिम प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयबाट जम्मा रु. ५००००० अक्षेररुपी (पाचं लाख मात्र) माग गर्ने र उक्त कार्यक्रम संचालनका लागि अपुग रकम बेलौरी नगरपालिकाको चालु आ व २०८२।०८३ मा सेवा परामर्श शिर्षक बाट रु.२,३५,२५०।०० विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०)** प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा न ६ को वडा कार्यालयको भवन निर्माणका लागि बहु वर्षिय ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११)** प्रस्ताव नं. ११ माथि छलफल गर्दा नगरपालिका अन्तरगतको वडा कार्यालय निर्माण योजना शिर्षकबाट रु. १८ लाख र वडा न ७ को आधारभुत स्वास्थ्य सेवा केन्द्रमा माटो कटान शिर्षकबाट रु. २ लाख २५ हजार जम्मा रु.२० लाख २५ हजार रकम **वडा न ७ मा एम्बुलेन्स खरिद कार्यक्रम शिर्षकमा** रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२)** प्रस्ताव नं. १२ माथि छलफल गर्दा बेलौरी नगरपालिकाको मेयर कप २०८२ मा खेलाडी खेलाडी बिच भएको विवादबाट झगडा उत्पन्न भई कुटपिट भएर गम्भिर घायते हुनु भएका वडा न १० मा स्थायी निवासी करन पाललाई स्वास्थ्य उपचार खर्चका लागि रु.१५००००।०० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३)** प्रस्ताव नं. १३ माथि छलफल गर्दा LEOC भवन भित्रको फ्लसिलिङ्ग र फर्निचर बापतको भुक्तानी दिनु पर्ने रकम रु. ८ लाख बेलौरी नगरपालिका अन्तरगतको वडा कार्यालय निर्माण योजना शिर्षकबाट रु. ४ लाख LEOC भवन फ्लसिलिङ्ग र LEOC भवन फर्निचरमा रु. ४ लाख रकम **LEOC भवनको भुक्तानी** दिने निर्णय गरियो ।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

... चौधरी

निर्णय नं. १४) प्रस्ताव नं. १४ माथि छलफल गर्दा वडा न ९ मा रहेको सिद्धनाथ मन्दिर निर्माणका लागि रु. बजेट विनियोजन गरि निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १५) प्रस्ताव नं. १५ माथि छलफल गर्दा वडा न ३ मा रहेको श्री जन जाग्रिति मा.वि मा CCTV Camera जडान गर्ने निर्णया गरियो ।

निर्णय नं. १६) प्रस्ताव नं. १६ माथि छलफल गर्दा वडा न ९ मा रहेको पशुपति शिक्षा मन्दिरको गेट निर्माणका लागि रु.१५००००।०० बजेट विनियोजित गर्ने निर्णय गरियो ।

निर्णय नं. १७) प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिकामा सञ्चालन हुने गरि यौनिक तथा अल्पसंख्यक कार्यक्रमका लागि विविध खर्चबाट रु.६००००।०० कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८) प्रस्ताव नं. १८ माथि छलफल गर्दा वडा न ९ को प्रहरी विट निर्माणका लागि रु. ५००००।०० रकम बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९) प्रस्ताव नं. १९ माथि छलफल गर्दा वडा न ५ मा रहेको कुण्डा पिकनिक स्पोर्टमा WiFi जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. २०) प्रस्ताव नं. २० माथि छलफल गर्दा लिटिल बोडिङ स्कुल भुग्या मन्दिर हुदैं खिरिया नारा टोल सडक मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. २१) प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिकामा स्थानिय लोकल रक्सी उत्पादन एवम प्रर्वद्धन गर्नका लागि नेपाल भित्रको यस्तो उत्पादन हुने प्रख्यात क्षेत्रको अध्ययन अवलोकन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२) आ.व. २०८२।०८३ मा **बेलौरी न.पा. ४ मा रहेको अधुरो मिनी कवर्ड हल निर्माण** योजना यस नगरपालिकाबाट संचालन हुने गरी वित्तीय हस्तान्तरण पठाईदिनुहुन अनुरोधका साथै उक्त योजना कार्यान्वयनका लागि प्रतिबद्धता गर्ने निर्णय गरियो ।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पोतीलाल चौधरी
नगर प्रमुख